स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

# नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



कलाकार विल्सन विक्रम राई 'तक्मे बुढा' एकपटक फेरि फिल्म निर्देशन गर्ने तयारीमा जुटेका छन् । आफ्नो निर्देशनमा बन्ने गरी २०८० सालमा दुई फिल्म 'सिलाम साक्मा' र 'लाहुरे एण्ड दाउर'को घोषणा गरेर पनि निर्माण गर्न नसकेका उनले अब फिल्म 'मैझारो' बनाउने भएका छन्। अघिल्ला दुई फिल्मजस्तो घोषणामा सीमित नभए "मैझारो"बाट विल्सनको निर्देशनमा डेब्यु हुनेछ। उनले भिडियोको भने निर्देशन गरिसकेका छन्।

**आजको विचार...**



ओली...
(दुई पेजमा)

राजन कुइँकेल

'कल्ली' आगामी फागुन १ गतेबाट सार्वजनिक प्रदर्शनमा आउने फिल्म हो। सौगात मल्ल, उत्तम प्रधान, बेनिशा हमाल, नाजिर हुसेन, अर्पण थापा, वर्षा राउत, सुलक्षण भारती लगायतका कलाकारको फिल्ममा अभिनय छ। फिल्म नेपाली र हिन्दी दुई भाषामा तयार भइरहेको छ। फिल्म नेपाल, भारत र पाकिस्तानमा एकसाथ रिलिज गर्ने गरेर दुई भाषामा बनाइएको निर्माता किरण नेपालीले बताए। उनले नेपालमा नेपाली र भारतमा हुने भएको जानकारी दिए।



❒ वर्ष ३० ❒ अंक ३४४ ❒ २०८२ असार २५ गते बुधबार 9 July 2025, Wednesday ❒ पृष्ठ संख्या ४ मूल्य रू ५/-

# पाल्पाको रैथानेबाली सङ्कटमा

***पछिल्लो समय हाइब्रिडले बजार ओगटेपछि यहाँको स्थानीय जातको बीउ उत्पादन हुन छाडेको छ । बीउ किन्न किसानको घरदैलोमै पुग्ने व्यापारी हाइब्रिडमा आकर्षित हुन थालेपछि उत्पादन गर्न छाडेको किसान बताउँछन् ।***

**रामचन्द्र रायमाझी**

**तानसेन (पाल्पा),** असार २४/यहाँका किसानहरु पछिल्लो समय खेती लगाउने सयममा उन्नत जातका बीउप्रति आकर्षित भएपछि रैथानेबाली सङ्कटमा पर्दै गएका छन् । उत्पादन बढी हुने र छिटो फल्ने हुँदा यहाँका किसान परम्परागत रैथाने बीउ छोडेर उन्नत जातका बीउ (हाइब्रिड) प्रति आकर्षित भएका हुन् ।

तानसेनको दमकडाकी सीतादेवी गौतमले पहिले-पहिले धान, मकै, प्याज, मूलाजस्ता कृषि उपजको रैथाने बीउ घरमै उत्पादन गर्ने गर्थिन् । उनकोमा बीउ लिन जिल्लाका विभिन्न ठाउँबाट किसान त्यहाँ पुग्ने गर्ने तर हिजो आज भने बजारमा नै पाइने बीउ ल्याएर किसानले लगाउन थालेपछि भने गौतम कहाँ बीउ लिन कोही पनि आउँदैनन् । किसानले उन्नत जातका बीउ ल्याएर लगाउन थालेपछि आफुले अहिले बीउ घरमा राख्न छोडेको उनी बताउन्छिन् । बर्खामा धान खेतीले भरिभराउ देखिने माथागढीका देउगीर, झडेवा, चिदीपानी, पूर्वखोलाका जल्पा,



रिङ्नेरहजस्ता ठाउँमा मङ्सिर लाग्दा नलाग्दै खनजोत गरेर ठिकठाक हुन्थ्यो । कतै मुला, व्याजका बिरुवा त कतै सेतो केराउ लगाउन किसानलाई भ्याइनभ्याइ हुन्थ्यो । अहिले भने यहाँका खेत किसानका लागि बिरानो जस्तै बनेका छन् । रैथाने बीउ बेचेरै किसानको गुजारा चलेको थियो । पछिल्लो समय हाइब्रिडले बजार ओगटेपछि यहाँको स्थानीय जातको बीउ उत्पादन हुन छाडेको छ । बीउ किन्न किसानको घरदैलोमै पुग्ने व्यापारी हाइब्रिडमा आकर्षित हुन थालेपछि उत्पादन गर्न छाडेको किसान बताउँछन् । स्थानीय जातभन्दा हाइब्रिड सस्तो भएपछि खेती छाडेको देउगीरका किसान जीवन रायमाझी बताउन्छिन् । पाँच वर्षअघिसम्म लाखौँको मुला, प्याजको बीउ उत्पादन हुने यहाँका खेत आजभोलि किसानका लागि बिरानो बनेको उनी सुनाउन्छिन् । निस्दी गाउँपालिका मित्यालका धनबहादुर ठाडा भन्छन् "पहिले-पहिले बारीमा पाइने सानो तितोकरेलाको बीउ नै पाइन छाड्यो । बीउ हराएसँगै सानो डल्ले प्रकृतिको करेलो नै हरायो । जब बजारमा लामा लामा बीउ आउन लागेपछि करेला मात्र होइन टमाटरको बीउ पाइन छाड्यो ।" वैशाखमा बारीमा मकैसँग छरिने काँक्रो पनि हरायो । बीउ राख्ने चलन नै हरायो । बजारमा धेरै फल्ने हाइब्रिड जातको बीउ आउन लागेपछि स्थानीय रैथाने जातको बीउ नै हरायो । यो अत्यन्त दु:खद् कुरा भएको स्थानीय लालबहादुर सोती बताउन्छन् । "टमाटर, खुर्सानी, भिण्डी, भाण्टा, मुलाजस्ता स्थानीय जातका बीउ गाउँमा राख्न छाडेपछि बाली नै हरायो", उनले भने । पहिला-पहिला घरयासी प्रयोजनका लागि लगाइने अकबरे खुर्सानीको बीउसमेत हराउँदै गयो । पुरानो बीउ हराएपछि पनि बजारका बीउका कारणले पनि मूल्यमा ह्रास आएको रैनादेवी छहरा गाउँपालिका मुझुङका रमेश कार्कीले बताए । कालानमक, झिनुवा, कृष्णभोग, अनदी, समुद्रफिनी, मन्सरा, लल्का बासमती, पोखरेली मसिनोजस्ता रैथाने बास्नादार र स्वादिलो चामल अचेल सितिमिति भेटिंदैन । बोडी-सिमीका स्थानीय जात, मसिना चुच्चे करेला, रैथाने काँक्रो, रायो, ठूल्ठूला झाल हुने स-साना गोलभेँडा, कुभिण्डो, पाटे घिरौंलो, घैया धान, रातो चामल हुने सिम्ठारो धान, सेतो मकै, रैथाने मास-मस्याङ-गुराँस-भटमास पनि भेट्न मुश्किल पर्छ । यस्तो किन भइरहेको छ त रु बुझ्न गाह्रो छैन । खाने मुख र बजारको माग बढेपछि धेरै अनाज र तरकारी फलाउनुपर्ने बाध्यताले किसानलाई 'विकासे' बीउ लगाउन हौस्याएको हो । कृषि प्राविधिक आरसी चौधरीभने किसानले कम उत्पादन हुने रैथाने छाडेर धेरै फल्ने वर्णसंकर बीउ लगाउनुलाई स्वाभाविक नै ठान्छन् । "रैथाने जातको संरक्षण गरिदिने काम किसानको होइन, सरकारको हो", उनी भन्छन् ।

## संक्षिप्त समाचार

### इजरायली ५ सैनिकको मृत्यु

**(रासस/एएफपी)**

**जेरुसेलम,** असार २४/उत्तरी गाजा पट्टीमा भएको लडाइँमा पाँच इजरायली सैनिक मारिएको इजरायली सेनाले मंगलबार बताएको छ । यसअघि इजरायल र हमासले कतारमा अप्रत्यक्ष युद्धविराममा अप्रत्यक्ष वार्ता गरेका थिए । इजरायली सेनाले एक विज्ञप्तिमा भनेको छ, "उत्तरी गाजा पट्टीमा लडाइँका क्रममा दुई सैनिकको मृत्यु भएको छ, उही घटनामा अन्य तीन जनाको मृत्यु भएको र दुई जना गम्भीर घाइते भएका छन् ।" घाइते सैनिकहरूलाई 'उपचारका लागि अस्पताल लगिएको र उनीहरूका परिवारलाई सूचित गरिएको' सेनाले बताएको छ । गाजामा लगभग दुई वर्षको युद्धमा पछिल्लो चरणको वार्ता दोहामा आइतबार सुरु भएको छ । इजरायल र प्यालेस्टिनी लडाकू समूह हमासका प्रतिनिधिहरू एउटै भवनको विभिन्न कोठामा बसेका थिए । सोमबारको वार्ता 'कुनै सफलता बिना' समाप्त भएको वार्तासँग परिचित एक प्यालेस्टिनी अधिकारीले बताए । हमास र इजरायली प्रतिनिधिमण्डलहरूले वार्ता पुन: सुरु गर्ने र अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पका विशेष दूत स्टिभ विटकफ पनि यस हप्ता युद्धविराम सुरक्षित गर्ने प्रयासमा उनीहरूसँग सामेल हुने तय गरिएको थियो । अमेरिकी प्रस्तावमा ६० दिनको युद्धविराम समावेश थियो ।

# गाउँबाट चार जिपिए ल्याएका यी दुई भण्डारी

### भन्छन् 'इन्जिनियर र आइटी बन्ने सपना छ'



**गुल्मी (रेसुङ्गा),** असार २४/ गुल्मीमा चार जिपिए ल्याउने मध्येका हुन् सिर्जित भण्डारी र निशान भण्डारी । दुवै जनाले गाउँकै स्कूलबाट परीक्षा दिएका थिए । सत्यवती गाउँपालिकाका सिर्जितले सत्यवती मावि र चन्द्रकोटका निसानले उदय मावि शान्तिपुरबाट परीक्षा दिएका विद्यार्थी हुन् ।

यी दुवै जना भण्डारीले गाउँमै घाँस- दाउरा गरेरै माध्यामिक शिक्षा परीक्षा (एसइई) २०८१ को नतिजामा चार जिपिए ल्याएर जिल्लामै उत्कृष्ट हुन सफल भएका छन् । सिर्जितले अपेक्षा अनुसारकै नतिजा प्राप्त भएकोमा खुसी व्यक्त गर्दै कम्प्युटर इन्जिनियर बन्ने सपना भएको बताए । बुवा भीमलाल भण्डारी सत्यवती माविकै शिक्षक हुन् । सिर्जितले दिदी सुजना भण्डारी पनि मेडिकल अधिकृत भएकाले आफूलाई पनि पारिवारिक प्रेरणा मिलेको बताए । अर्को चार जिपिए पाउने निशानले कक्षा ८ सम्म संस्थागत विद्यालयपछि ९ र १० मा सामुदायिक विद्यालय उदय माविमा अध्ययनर गरेका हुन् । उनले पनि अपेक्षा अनुसारकै नतिजा आएकोमा खुसी व्यक्त गर्दै आइटीतर्फ राम्रो गरेर देखाउने चाहाना रहेको बताए । दुवै जना भण्डारी घरपरिवारसँगै हुर्किएकाले पनि घरको सबै काम गरेरै अध्ययनलाई अगाडि बढाएका हुन् । चार जिपिए ल्याउने मध्येका अर्का सत्यवती माविका अर्जुन भण्डारी पनि हुन् । उनको विषयमा यस अघि नै समाचार प्रकाशन भइसकेको छ । इमान्दारिता र लगनशिल भए गाउँमै घरायसी काम गरेर पनि शिक्षामा अब्बल हुन सक्छन् भन्ने उदाहरण बनेका छन् यी तीन भण्डारी ।

# रहेनन् पूर्व मन्त्री रेग्मी, काँग्रेस पाल्पाद्वारा दु:ख व्यक्त

**पाल्पा,** असार २४/पूर्वमन्त्री तथा सांसद अच्युतराज रेग्मीको निधन भएको छ । उनको अस्ट्रेलियामा ९६ वर्षको उमेरमा निधन भएको हो ।

पाल्पाको तानसेन नगरपालिका -२ मेहलधारामा जन्मिका रेग्मी एक वरिष्ठ राजनीतिज्ञ र आध्यात्मिक व्यक्तित्व समेत थिए । २०१५ मा भएको संसदीय निर्वाचनमा तत्कालको पाल्पा क्षेत्र नम्वर २ मा नेपाली काँग्रेसबाट उम्मेदवार बनेका उनी अत्याधिक मतका साथ विजयी भएका थिए । पछि पञ्चायतमा प्रवेश गरेका रेग्मी मन्त्री समेत बने । पाल्पाका शिक्षाविद् डा. रामप्रसाद ज्ञवालीका अनुसार रेग्मीको निधनले देशले एक असल राजनीतिज्ञ गुमाएको बताए । उनले भने "रेग्मी मेरो फुपुको



छोरा हुनुहुन्छ, आमाको निधनपछि मेरै घरमा बसेर २०१५ मा संसदीय चुनाव लड्नुभयो र विजयी पनि हुनुभयो । पछि उहाँ पञ्चायतमा गएर २०३३/०३४ मा मन्त्री पनि बन्नु भयो ।" रेग्मी नेपाली काँग्रेसको सह-महामन्त्री समेत बने थिए । रेग्मीले देखाएको दृढता, नेतृत्व दक्षता र जनताको पक्षमा उभिने साहस नेपालीका लागि प्रेरणाको स्रोत रहेको ज्ञवालीको भनाई छ ।

मन्त्री, सांसद र जनप्रतिनिधिका रूपमा उनले देखाएको दूरदृष्टि, संयमता र विवेकपूर्ण निर्णय आज पनि उत्तिकै स्मरणीय रहेको उनले बताए । मन्त्री बनेपछि रेग्मी विस्तार राजनीतिबाट निष्क्रिय हुँदै आध्यात्मिकतर्फ लागेको डा.ज्ञवाली बताउन्छन् ।

*-बाँकी अन्तिम पेजमा...*

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

नव जनचेतना
NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक

# सम्पादकीय

## मधुमेह रोकथामका उपाय खोजौं

पछिल्ला केही वर्ष यता नेपालमा मधुमेहका बिरामी बढ्दो छन् । मधुमेहलाई नेपालीमा 'चिनी रोग' भनिन्छ । मानिसको रगतमा चिनीको मात्रा औसतमा ६० देखि १४० सम्म साधारण मानिन्छ । यदि रगतमा चिनीको मात्रा १८० मि.ग्रा.र डि.लभन्दा बढी भएमा मृगौलाले चिनी पिसाबमा फालिदिन्छ र मृगौला बिरामी हुन सक्छ । शरीरमा चिनीको मात्रा धेरै भएर विभिन्न लक्षण देखिएमा उक्त बिरामीलाई मधुमेह भएको मानिन्छ ।

यो रोगले कुनै खास उमेर समूहलाई मात्रै सताएको छैन, सबैथरी उमेरसमूहलाई ग्रस्त पारेको छ । खानपान, शारीरिक सक्रियताको कमी, मानसिक तनाव, मोटोपनजस्ता कारणहरूले गर्दा मधुमेहको जोखिम झन् बढ्दो छ । यसलाई रोकथाम गर्ने प्रभावकारी उपायहरू अपनाइएन भने नेपालीहरूको स्वास्थ्य ठूलो जोखिममा पर्छ । बेलैमा रोकथाम आवश्यक छ । रगतमा चिनीको मात्रा असन्तुलित हुने रोग हो मधुमेह । इन्सुलिन उत्पादन शरीरमा हुन नसक्दा मधुमेहले गाँज्छ । प्याङ्क्रियाज ग्रन्थीले उत्पादन गर्नुपर्ने इन्सुलिन हो भन्ने चिकित्सा विज्ञानले पत्ता लगाएको छ, तर किन उत्पादन गरेन भनेर पत्ता लगाउन सकेको छैन । त्यसैले मधुमेह निको पार्ने औषधि छैन् । यस रोगबाट बच्न शरीर फुर्तिलो राख्न स्वस्थकर खाद्यान्न आवश्यक छ । चिल्लो, बोसो कम भएको खाना, कार्बोहाइड्रेट कम, कम तागतिलो खाद्यान्न आवश्यक छ । मद्यपान बन्द गर्ने एवं उच्च रक्तचाप भएका बिरामी, शरीरको तौल बढी भएको व्यक्ति र रोग लाग्ने सम्भावना भएका मानिसले विशेष ध्यान दिनुपर्छ । पर्याप्त श्रम वा व्यायाम नगर्ने र तयारी खानेकुरा धेरै खाने अनि असन्तुलित भोजन गर्ने गर्दा मधुमेह हुन्छ । तसर्थ सबैले सबैभन्दा पहिला आफ्नो स्वास्थ्यको ख्याल आफैंले गरौं । यदि मधुमेह लागि हाले रोकथामका उपायहरु अवलम्वन गरौं । यसो गर्न सकियो भने मात्र यो रोग लाग्न र लागि हालेमा बच्न सकिन्छ ।

## Opinion @ Social Network

म हैसियत र औकात सोध्ने मान्छेलाई होइन
ब्यबहार र संस्कार सोध्ने मान्छेलाई इज्जत गर्छु ।
*(निषा सारुको फेसबुक स्टाटस https://www.facebook.com/bk.Nisha.Saru)*

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# ओली बहिर्गमनमा विद्याको पुनरागमन बन्दैन समाधान



## राजन कुइँकेल

*संविधानको व्यवस्थाविपरीत संसद् विघटन प्रधानमन्त्रीको विशेषाधिकार भन्दै गरिएको ओली निर्णय र भण्डारी सदरलाई सर्वोच्च अदालतले असवैधानिक भन्दै खारेज गर्नुपरेको थियो । तैपनि, ओलीले अदालतको उक्त निर्णयको आलोचना गर्न छाडेनन् । अर्कातिर, पार्टी राजनीतिमा भण्डारीलाई एमालेको उपाध्यक्षसम्म बन्ने वातावरणको राजनीतिक आधार ओलीले नै बनाइदिएका हुन्भन्दा अत्युक्ति हुँदैन । जब तलनिवासबाट विद्याको बिदाइ भयो, उनमा 'पूर्वराष्ट्रपति' को हैसियतमा खुम्चिएर बस्ने चाहना देखिएन । बरू सत्ता र शक्तिको महत्वाकांक्षालाई प्रयोगको अवसर खोज्न थालिन् ।*

वर्तमान सत्ताको नेतृत्वकर्ता दल नेकपा एमालेमा यति बेला पार्टी सत्ताको जबरजस्त सुनामी सुईंकिरहेको छ । केही वर्ष यता विरोधी आवाजलाई निस्तेज बनाउँदै पार्टी सत्तामा एकल हालीमुहाली गरिरहेका अध्यक्ष केपी ओली यो सुनामीको केन्द्रमा पर्ने देखिँदैछ । विरोधीविहीन बनाएर अझै एक कार्यकाल पार्टीसत्तामा कब्जा जमाउने र आफू अनुकूलको उत्तराधिकारीलाई दल जिम्मा लगाउने उनको योजना टिक्छ वा टिक्दैन, यही सुनामीको आकार र औकातले निर्णय गर्नेछ । यो सुनामीको रचनाकार हुन्, कुनै बेला ओलीले नै छत्रछायाँ दिएर हुर्काएर पार्टी उपाध्यक्ष हुँदै सात वर्ष शीतलनिवासमा राज गर्न पठाएका पात्र, विद्या भण्डारी । र, यसमा जोडिने लाममा छन्, ओलीको निरंकुशताबाट दपेटिएकाहरू र नेतृत्वका स्वाभाविक आकांक्षा दबाउन बाध्य पारिएकाहरू । हुनत, विद्या भण्डारी ओलीकै राजनीतिक मार्गकी हुन् । शीतलनिवासमा सात वर्ष रहँदा, प्रधानमन्त्रीका रूपमा बालुवाटारका ओलीले पठाएका सबैजसो निर्णयमा ल्याप्चे लगाइदिएकाले कुनै बेला उनलाई ओलीको प्रतिच्छायाँ नै भनिन्थ्यो । आँखैअगाडि असंवैधानिक देखिएको प्रतिनिधिसभा विघटन जस्तो चरम अलोकप्रिय ओली निर्णयलाई राष्ट्रपति विद्याले दुई-दुई पटक विनाबिलम्ब सदर गरिदिँदा ठूलो आलोचना भयो । वर्तमान संविधानले सरकार निर्माणको विकल्प रहँदासम्म संसद् विघटन गर्न नसक्ने गरी प्रधानमन्त्रीलाई अंकुश लगाइदिएको छ । उसै गरी सदनले पनि दुई वर्षसम्म कस्तै गल्ती गरे पनि प्रधानमन्त्रीविरुद्ध अविश्वासको प्रस्ताव ल्याउन नसक्ने प्रबन्ध गरेको छ ।

संविधानको व्यवस्थाविपरीत संसद् विघटन प्रधानमन्त्रीको विशेषाधिकार भन्दै गरिएको ओली निर्णय र भण्डारी सदरलाई सर्वोच्च अदालतले असंवैधानिक भन्दै खारेज गर्नुपरेको थियो । तैपनि, ओलीले अदालतको उक्त निर्णयको आलोचना गर्न छाडेनन् । अर्कातिर, पार्टी राजनीतिमा भण्डारीलाई एमालेको उपाध्यक्षसम्म बन्ने वातावरणको राजनीतिक आधार ओलीले नै बनाइदिएका हुन्भन्दा अत्युक्ति हुँदैन । एमालेले गीता झैँ ठान्ने जनताको बहुदलीय जनवाद (जबज) का भाष्यकार मदन भण्डारीकी पत्नी हुनुको पारिवारिक लाभ एकातिर छँदै थियो, अर्कातिर उनी आफैंले पनि आफूलाई एमालेको उपाध्यक्ष तथा सरकारमा प्राप्त विभिन्न मन्त्रालयको जिम्मेवारी निर्वाह गरिन् । पार्टीभित्र ओली सत्ता कायम भएकैले अरू वरिष्ठ नेताको आकांक्षा हुँदाहुँदै पनि दुई-दुई पटक शीतलनिवासमा राज गर्ने अवसर पाएकोमा दुई मत छैन । यसैका कारण प्रधानमन्त्री हुँदा शीतलनिवासको 'अथोरिटी' ओलीले भरपूर उपयोग गर्न पाए । जब शीतलनिवासबाट विद्याको बिदाइ भयो, उनमा 'पूर्वराष्ट्रपति' को हैसियतमा खुम्चिएर बस्ने चाहना देखिएन । बरू सत्ता र शक्तिको महत्वाकांक्षालाई प्रयोगको अवसर खोज्न थालिन् । त्यसैको मौका बन्यो एमालेभित्र ओली एकाधिकारको अन्त्यको खोजी गरिरहेकाहरूको उक्साहट । नैतिक आचारलाई उल्लंघन गर्दै पार्टी प्रवेशको आकांक्षा पूरा गर्ने गोरेटो खन्ने क्रममा उनले बिस्तारै सार्वजनिक हुँदै राजनीतिक कार्यक्रमहरूमा पाइला बढाउन थालिन् । जुन, राष्ट्रपति भएर सात सात वर्ष जनताको कर र सम्मान खाएको व्यक्तिका लागि नैतिकताको ज्वाज्वल्य प्रश्न थियो । यति नै बेला नेकपा माओवादी केन्द्रले उनकै समयमा उपराष्ट्रपति रहेका नन्दबहादुर पुनलाई पार्टीभित्र भित्र्याएर उपाध्यक्षको दर्जा दिलायो । पुनलाई पार्टीमा भित्र्याएर उपाध्यक्ष बनाउने माओवादी निर्णय नैतिक सीमाको गरालो भत्काउन गर्दन लम्काइरहेकी भण्डारीलाई मनोबल बढाउने मार्ग बन्यो । यी दुबैलाई पार्टी राजनीतिमा देख्न चाहनेहरूको (कु) तर्क भने राष्ट्रपति भएको व्यक्ति फेरि पार्टी राजनीतिमा सक्रिय हुन संविधान र कानुनले रोकेको छैन भन्ने रहेको छ । कुरा गरौं, एमाले पार्टीभित्र विद्याको आगमनले पार्ने तात्कालीक र दीर्घकालीन प्रभावको । तत्काललाई ओलीको अत्याचार सहन नसकेर उकुसमुकुस भएकाहरूले एउटा राहतको श्वास फेर्ने मौका निश्चित रूपमा पाउने छन् । पार्टीभित्रका समकालीन नेता माधव नेपाल, झलनाथ खनाल र वामदेव गौतमसम्मलाई बस्न नसक्ने वातावरण सृजना गरेपछि ओलीले दशकयता पार्टीलाई एकलौटी हैकममा हुँडलिरहेका छन् । अघिल्लो महाधिवेशनमा सर्वसम्मत अध्यक्ष बन्ने अकांक्षामा अवरोध बनिदिए, उपाध्यक्ष भीम रावल । आफूसँग प्रतिस्पर्धा गरेको झोँकको बदला उनले, रावललाई पार्टीबाटै निष्काशन गरेर लिए । त्यसयता पार्टीभित्रको सबैजसो भ्रातृ संस्थामा सर्वसम्मत नेतृत्व चुन्न उनले एकपछि अर्को उर्दी जारी गर्दै रहेका छन् । तर, उनको उर्दीलाई अवज्ञा गर्दै चुनावबाटै श्रेष्ठता हासिल गर्न चाहने संगठनहरू पनि देखिए । प्रतिष्पर्धामा जाने भ्रातृ संस्थाहरूमा पनि आफूले चाहेकैलाई जिताउन निकटका महासचिवलगायत नेतालाई मैदानमै उतार्ने गरेका छन् । प्रतिस्पर्धाबाट अब्बल बनेकालाई उनले बेलाबेला खिसिट्यूरी गरेका सुन्न पाइन्छ । ओलीको एकाधिकारवादलाई कार्यान्वयन गर्न खटिएका कोटरीमा उपाध्यक्ष विष्णु पौडेल, महासचिव शंकर पोखरेल, उपमहासचिव विष्णु रिमाललगायतका नेता विद्याको पार्टी आगमनबाट सबैभन्दा बढी त्रसित देखिन्छन् । पोखरेलले त विद्यालाई रोक्न पार्टी बैठकमा प्रस्ताव नै लगेका थिए । त्यहाँ सम्भव नभएपछि अब आउँदो विधान अधिवेशनबाट रोक्ने खेल चलेको बताइँदैछ । ओलीकै सेप लागेर पार्टीका प्रतिष्पर्धीलाई किनारा लगाई आउँदो कार्यकालपछि एमालेको अध्यक्ष बन्ने सपना पालिरहेका पोखरेल एण्ड समूहलाई भने विद्याको आगमन जबरजस्त झट्का बन्ने देखिँदैछ । वरिष्ठ उपाध्यक्ष ईश्वर पोखरेल खुलेरै विद्या भित्र्याउन लागेका छन् । विद्या मैदानमै उत्रिएमा ओलीले पनि रोक्न नसक्ने आँकलनले एमाले वृत्त गर्माएको छ । नजित्ने अवस्थामा प्रतिस्पर्धामा नगई ओली आफैंले नै विद्यालाई अध्यक्षका लागि प्रस्ताव गर्न सक्ने सम्भावना व्यक्त गर्नेहरू उत्तिकै छन् । अर्कातिर, प्रधानमन्त्री भएको यति लामो समयसम्म दक्षिणी छिमेकको भ्रमणका लागि गरेको याचना पूरा हुन नसक्नुले ओलीका विपक्षमा त्यताको इसारा पनि विद्यातिर बढ्नसक्ने बताउनेहरू पनि छन् । उसो त, चीन भ्रमणका क्रममा चिनियाँ नेताहरूले विद्यालाई जुनस्तरको सम्मान र खातिरदारी गरे त्यसले पनि एमालेमा उनी बराबरको अर्को नेता नरहेकाले पार्टी कमाण्ड सम्हाल्नुपर्ने भन्दै हावा भर्नेहरूको दौड छ । एकपटक भएको कम्युनिष्ट दलहरूबीचको एकता ओलीको व्यवहार र शैलीका कारण विफल भएको भन्नेहरूको कमी छैन । ओलीको सट्टा विद्याले एमालेको नेतृत्व लिए कम्युनिष्टहरूको एउटै पार्टी बनाउन सकिने माओवादी अध्यक्ष प्रचण्डदेखि माधव नेपालसम्मले सन्देश पठाइरहेकै छन् । आउने निर्वाचन २०८४ मा ओलीकै नेतृत्वमा एक्लै चुनावमा गएमा एमालेको हैसियत खस्कने भन्दै त्यस अगावै कम्युनिष्ट एकता गरिनुपर्ने र त्यसका लागि पनि विद्याको अपरिहार्यताको राग लाउनेहरू अघिपछि घुमेकै छन् । यी सबै तर्क गर्ने र ओलीको बहिर्गमन चाहनेहरूले बुझ्न नसकेको के देखिन्छ भने, विद्या पार्टीभित्रको विकल्प त बन्लिन्, तर जनतामा रहेको आक्रोशलाई समेटेर मतमा बदल्ने ल्याकत उनले राख्लिन् ? व्यवस्थामा देखिएको बेथितिको सोलोडोलो अनुहार त उनी पनि हुन् । अझै सात सात वर्ष आफ्नो गाँस कटाएर सम्मानपूर्वक पालेको पात्र फेरि राजनीतिको फोहोरी आहालमा डुबुल्की मार्न आएकामा स्वागत गर्न आतुर रहलान् मतदाता ? त्यो पनि राष्ट्रपति पछि अर्को बाटो प्रयोग गरेर प्रधानमन्त्रीको पगरी गुँथ्ने दाउका लागि ? उसैपनि, राजनीतिक दलहरूको अलोकप्रियता यतिबेला शिखरमा छ । जनता तीस वर्षयता सत्ताको चास्नीमा डुबेर लट्पटिएका कांग्रेस, एमाले, माओवादीसहितका दल र तिनका नेतृत्वसँग निराश छन् ।

राज्य संयन्त्र र व्यवस्थामा काउसो बनेर फैलिएको भ्रष्टाचारले समाजलाई आक्रोशित र व्यवस्थालाई जीर्ण बनाएको छ । प्रजातन्त्रका लागि दशकौं दशक गरेको संघर्ष क्षणिक लाभ र स्वार्थका लागि बिचौलियासँग साँठगाँठ गर्दा सत्ता शिखरमा रहेका नेताको इज्जत न प्रतिष्ठा भएको छ । केही थान भ्रष्ट नेताका आचारलाई देखाएर गणतन्त्र अन्त्यका लागि धूप हाल्न सडक बाल्नेहरू जगमगाई रहेका बेला गणतन्त्रको सबैभन्दा उपल्लो तहमा पुऱ्याइएका व्यक्ति राष्ट्रपति र उपराष्ट्रपतिको 'पार्टी रछ्यान यात्रा' ले संघीय गणतन्त्रलाई कसरी बलियो बनाउँला ? गणतन्त्रका प्रथम राष्ट्रपति डा.रामवरण यादवले केही कमजोरीका बीचमा पनि पूर्वराष्ट्राध्यक्षको गरिमा जोगाउन कांग्रेस राजनीतिमा प्रवेश नगर्दा उनको सम्मान घटेको छैन । गणतन्त्र व्यवस्था मात्र होइन यो त आचरण र प्रवृत्ति हो । पद्धति त हुँदै हो । यसरी नै पार्टीबाट राष्ट्रपति अनि फेरि पार्टी राजनीतिको गोलचक्करमा फर्किरहने हो भने दलबाट राष्ट्राध्यक्षमा लैजाने व्यवस्थामै सुधार आवश्यक देखिन्छ । त्यसैले ओलीको रिसले विद्याको काखमा एमाले पार्टीसत्ता जिम्मा लगाउन कस्सिएकाले दोहोऱ्याएर सोचुन् । यो गणतन्त्रको हितमा विल्कुलै हुने छैन । ओलीको विकल्पमा विद्याको खोजी होइन, स्वच्छ, विवेकी र अब्बल युवा आऊन् ।

*-इहिमालय टाइम्स डटकम*

## महत्वपूर्ण टेलिफोन

| | | | |
|---|---|---|---|
| **प्रहरी कार्यालय** | ५४०२०१ | रेडक्रस बुटवल ५४१००४ | रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७ |
| बुटवल ०७१-५४०२२२ | भिमअस्पताल भैरहवा ०७१-५२०१९३ | लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५ | रेडक्रस गुल्मी ०८९-५२०१६३ |
| स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९ | मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९ | मेडिटेक अस्पताल ५४९०७२ | नेपाल परिवार नियोजन संघ ०७१-५४००८१ |
| बुटवल रामनगर ०७१-५४१२३३ | परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३ | कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४० | लुम्बिनी नसिङ होम प्रा.लि. ०७१-५४१६४१ |
| भैरहवा ०७१-५२०१९९ | पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४ | आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९ | नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९ |
| अर्घाखाँची ०७७-५२११९९ | लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१ | रामपुर अस्पताल: ०७५-४००१५४ | जनसेवा क्लब नयाँमिल ११५७०२१२४६ |
| गुल्मी ०७९-५२०१९९ | पिचन्द्र परासी ०७८-५२०१८८ | **एम्बुलेन्स न.** | लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८ |
| परासी ०७८-५२०१९९ | भैरहवा आँखा अस्पताल ०७१-५२०२६५ | रोटरी क्लब बुटवल ०७१-५४४६०० | बनगाई क्लब बनगाई ०७६-६९०१०२ |
| तौलिहवा ०७६-५६००९९ | अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७ | लियो क्लब अफ बुटवल ०७१-५४५८९३ | रेडक्रस देवदह ०७१-५७७०९९ |
| पाल्पा ०७५-५२०५३६, ५२०१९९ | तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८ | रेडक्रस भैरहवा०७१-५२०२६३ | लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४० |
| इप्रका रामपुर ०७५-६९१५१५ | तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२०० | रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४ | बुटवल जेसिस ९८४७१२९९६४ |
| **अस्पताल कार्यालय** | सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४४५० | परासी ०७८-५२०१२५ | न्यू एकता क्लव तानसेन : ०७५-५२२२०० |
| लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८ | बुटवल हस्पितल ०७१-५४६४३२ | रेडक्रस पाल्पा ०७५-५२०६०० | परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५ |
| लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, | लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१ | रेडक्रस तौलिहवा ०७६-५६००१५ | रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४ |

## दैनिक राशिफल

| | |
|---|---|
| **मेष** : अरूको कुरा सुनेर व्यक्तिगत धारणा नबनाउनुहोस्। अध्यात्मतर्फ रुचि बढ्नेछ। | **तुला** : नयाँ काम गर्न जोश जागर आउनेछ। महत्वपूर्ण निर्णयहरू सम्पादन हुनेछन् । |
| **वृष** : व्यापारबाट लाभ मिल्नेछ। प्रतिष्ठित कार्यले आफूलाई चिनाउन सक्नुहुनेछ। | **वृश्चिक** : समाजमा मानसम्मान बढ्नेछ। कानुनी पक्ष मजबुत रहनेछ। |
| **मिथुन** : प्रतियोगी परीक्षामा सफलता मिल्नेछ। स्वाभिमानको लागि संघर्ष गर्नुपर्ला। | **धनु** : वैदेशिक रोजगारमा सफलता मिल्नेछ। आर्थिक पक्ष सबल हुनेछ। |
| **कर्कट** : शैक्षिक क्षेत्रमा सफलता मिल्नेछ। मन चञ्चल रहनेछ सचेत रहनुहोस्। | **मकर** : समाजमा नाम र सम्मान स्थापित गर्नसकिनेछ। मनग्य लाभ आर्जन गर्नसकिनेछ। |
| **सिंह** : जग्गा जमीन सम्बन्धी समस्याहरू सुल्झिनेछन्। इष्टमित्रहरूको सहयोग मिल्नेछ। | **कुम्भ** : कार्यक्षेत्रमा पिताको सहयोग मिल्नेछ। दिगो कार्य प्रारम्भ गर्न सकिनेछ। |
| **कन्या** : आय आर्जनका नयाँ स्रोतहरू फेला पर्नेछन्। स्वास्थ्यमा ध्यान दिनुहोला। | **मीन** : रोकिएका कार्यहरू बन्नेछन्। यापार व्यवसायमा विशेष फाइदा हुनेछ। |

## कला मनोरञ्जन

# भ्लगर, टिकटकर र हुँदाहुँदै गायक !



रेडिट सफरको क्रममा नेपाल सोसल नामक सबरेडिटको एउटा पोस्टमा आँखा अडियो । त्यहाँ 'सिसन बानियाँलाई के भयो ?' भनेर एक प्रयोगकर्ताले प्रश्न गरेका थिए । प्रश्न सोध्नुको पृष्ठभूमि उनको पछिल्ला कदमहरू थिए ।

**सिसन बानियाँ को हुन् ?**

युवाहरूलाई चिनाइरहन जरुरी छैन । तर जसलाई थाहा छैन, वेडिङ फोटोग्राफीमार्फत यात्रा सुरु गरेका उनी पहिलो नेपाली भ्लगरहरूमध्येको एकमा पर्छन् । आज सिसन बानियाँ नामक उनको च्यानलमा ८ लाख बढी सदस्य जोडिसकेका छन् । त्यहाँ उनले दैनिक जीवनमा गरिरहेका कामहरूलाई भिडियोमार्फत अभिलेखीकरण गर्दै आइरहेका छन् । उनी कहाँ जान्छन्? के गर्छन् ? कसलाई भेट्छन् ? के खान्छन्? के कस्ता गफ गर्छन् ? इत्यादि ।

त्यसमा संगीत, सिनेम्याटिक अप्रोच, क्यामेरा वर्क्स, सम्पादनको उपयुक्त संयोजनले उनको भ्लगलाई कलात्मक बनाइएको थियो । उनलाई नेम र फेम दिलाउनुमा यहीँ प्रमुख कारण हो । तर भ्लगबाहेक प्याराडाइम टिभी, प्याराडाइम स्पोवर्ट्स नेटवर्क, प्याराडाइम पडकास्ट, प्याराडाइम म्युजिक आदिले पनि चर्चा दिलाएको छ । यद्यपि आजकल उनको परिचयमा नयाँ आयाम थपिएको छ-र्‍यापर अर्थात् गायक । यो यात्रा दुई महिनाअघि सुरु भएको थियो । त्यसबेला चर्चित नेपाली र्‍यापर नवाज अन्सारी नेपाल आएका थिए । त्यसै छेकोमा बानियाँले एउटा चुनौती राखे -२४ घण्टा भित्रमा गीत र भिडियो तयार पार्ने । त्यसै अनुरूप तयार भएको थियो-बबाल । यसमा उनीहरू दुई जनासँगै ओएमजी स्पार्कले पनि सहकार्य गरेका छन् । यो गीत यति चल्यो कि दुई महिनामा नै युट्युबमा १ करोड भ्युज बटुलेको छ । गीत चलाउन बानियाँले आफूसँग भएजतिका सबै हतियार प्रयोग गरे । सायद यो गीत त्यति चल्दैन थियो । तर, चलिरहेका अनुहारहरू देखिनु, २४ चुनौती हुनु र प्रचारप्रसार व्यापक हुनु चल्नुका कारण बने । गीतमा बानियाँले केही न्यारेसन र केही भर्समा र्‍याप हानेका छन् । यो गीत रिलिज समयतिर नै बानियाँ बागलुङमा अवस्थित दुर्गेश थापाको गाउँ पुगेका थिए । उताबाट फर्केपछि बानियाँले क्रमश: टिकटकमा चर्चित गुराँस नानीसँग भिडिओ बनाउन थाले । बानियाँले आफूलाई 'प्रोफेस्नल टिकटकर' बताउँदै आइरहेका छन् । त्यसबेला नै बानियाँ र गुराँस नानीलाई लिएर सामाजिक सञ्जालमा गसिफ सुरु भइसकेको थियो । त्यसको मूर्त रूप भने हालै देखियो । अब दुर्गेश थापा, सिसन बानियाँ र गुराँस नानीको सहकार्यमा एउटा सांगीतिक पिस आउने भएको छ । त्यो कस्तो हुन्छ, थापाको पृष्ठभूमि हेरेर नै अनुमान गर्न सकिन्छ । तर, गुराँस नानी र बानियाँको हिमचिमले भने माहौल एक प्रकारले तातेको छ ।

**बानियाँ किन गायक हुँदैछन् त ?**

संगीतप्रतिको झुकाव बानियाँले सञ्जालमा देखाउँदै आइरहेकै हुन् । उनको रुचिमा प्रश्न उठाउन्न पाइन्न । अनि उनले जो सुकैसँग जे गरुन्, त्यसमा पनि प्रश्न भएन । त्यो उनको नितान्त व्यक्तिगत जीवन हो ।

तर सामाजिक सञ्जालमा उनको तिनै कृयाकलापले 'बज्' क्रियट गर्दा भने चर्चा गर्नु स्वभाविक हुन जान्छ । सन्दर्भ जोड्न रेडिटकै उक्त पोस्टमा गरिएको कमेन्टबाट एउटा शब्द टिपेँ - अटेन्सन इकोनोमी अर्थात् मानिसहरूको ध्यानलाई मूल्यवान् संसाधनको रूपमा मान्ने प्रचलन । प्रयोगकर्ताले त्यहीँ रमाइलो, तडकभडक खोजिरहेका छन्, जसलाई अनेकन् हर्कत गरेर उनले पूर्ति पनि गरिरहेका छन् । यो दृश्य झट्ट हेर्दा बानियाँ यही बाटोतिर हिँडिरहेको भान हुन्छ । नत्र आफैं नराम्रो गाउने (भिडियोहरूमा केही पटक भनेका छन्) स्वीकारोक्ति गरेका उनले किन दुई-दुई पटक गीत निकाल्थे ! एउटा कुरा निश्चित छ, उनको गीतले मनलाई शान्त पर्दैन । चैनलाई शान्त पार्ला । एक ठाउँमा भयो, सच्चा कला साधकलाई खुस पार्दैन । यद्यपि उनले गीत निकाल्नु हुँदैन भन्ने होइन । तर उनले त्यस्तो 'बजारे' गीत निकाल्नुमा कतै हामी प्रयोगकर्ताकै भूमिका त छैन ? मेरो प्रश्न यही हो ।

**सम्भवत:** बानियाँले मज्जैले बुझेका छन्, बजारमा के बिक्छ ? बजारले के खोजिरहेको छ । सामान्य भाषामा भन्दा प्रयोगकर्ताको तडकभडक मागलाई उनले पूर्ति गरिरहेका हुन् । पुँजी बनाइरहेका हुन् । अर्कोतर्फ सञ्जालमा आफू छाइरहन बानियाँले हर्कत पनि गरिरहेका हुन सक्छन् । एकपटक इन्स्टाग्रामको ब्रोडकास्ट च्यानलमा उनले थापासँग सहकार्य गरौं कि नगरौं नभनेर पोल बनाएका थिए । त्यसमा धेरैले गरौं भन्ने विकल्पमा भोट गरेका थिए । सायद लोकरिज्याइँ गर्न पनि बानियाँ नयाँ रूपमा आएका हुन सक्छन् । त्यो मानेमा उनलाई चलाख मानौं । तर, साधक नभइञ्जेल फेरि उनले नयाँ गीत ननिकाले हुने ! यस्तो नौटङ्की नगरे हुने! बरू फिल्म बनाउन लागे हुने ! प्रशंसक भएता पनि अन्धोभक्त त हुनु भएन नि !

*-अनलाईन खबर डटकम*

# 'जदौ' मा नीति शाह अनुबन्धित



अन्तरजातीय प्रेमकथामा निर्माण हुने फिल्म 'जदौ' मा अभिनेत्री नीति शाह अनुबन्धित भएकी छन् ।

निर्माणपक्षले उनलाई फिल्मको प्रमुख अभिनेत्रीका रूपमा अनुबन्ध गरेको हो । काजी लिम्बूको लेखन रहेको फिल्मको प्रमुख एक अभिनेतामा यसअघि नै मुकुन भुसाल अनुबन्धित भइसकेका छन् । सिल्भर स्क्रिन इन्टरटेन्मेन्ट र समीश्रण मुभिज एण्ड इन्टरटेन्मेन्टको संयुक्त निर्माण रहने फिल्मको सह-निर्मातामा रामराजा सुवेदी, ओम चेम्जोङ, शान्ता तामाङ र नारायण शास्त्री छन् । भदौं पहिलो साताबाट दाङ तथा प्युठान जिल्लाका विभिन्न स्थानमा फिल्मको छायांकन गरिने जनाइएको छ ।

सिल्भर स्क्रिनकी प्रबन्ध निर्देशक विमला भण्डारीले 'जदौ' को निर्देशक तथा बाँकी कलाकार, प्राविधिकबारे केही दिनमा जानकारी दिने बताएकी छिन् । नीतिको कुरा गर्दा 'खजुरे ब्रो' बाट फिल्ममा डेब्यु गरेकी उनी पछिल्लो समय 'नरसिंहा अवतार' मा देखिएकी थिइन् । यो फिल्ममा उनी अभिनेता राजेश हमालको जोडी बनेकी थिइन् ।

*-सेतोपाटी डटकम*

# माग्ने बुढाः नेपाली सिनेमामा यथार्थको चित्रण



नेपाली चलचित्र उद्योगमा पारिश्रमिकको विषयमा एउटा नयाँ तथ्य सार्वजनिक भएको छ । निर्माताले दिएको भनेर प्रचारित पारिश्रमिक आफूले नपाएको स्वयं कलाकारले बताएपछि नयाँ तथ्य बाहिर आएको हो ।

चलचित्र 'माग्ने राजा'का मुख्य कलाकार केदार घिमिरे 'माग्ने बुढा'लाई निर्माता मुनाल घिमिरेले ६१ लाख रुपैयाँ पारिश्रमिक दिएको सार्वजनिक कार्यक्रममा बताएका थिए । तर, केदारले आफूले त्यति पारिश्रमिक नपाएको प्रस्ट पारेका छन् । आफूलाई ६१ लाख पारिश्रमिक दिएको प्रमाणित गरेर देखाउन उनले निर्मातालाई नै चुनौती दिए । ६१ लाख पारिश्रमिक पुष्टि भए निर्मातालाई नै त्यो फिर्ता गरिदिने उनले बताए । जसले त्यति पारिश्रमिक लिएको भनियो, उनले नै होइन भनेपछि नेपाली चलचित्र उद्योगमा कति धेरै भ्रमको खेती गरिन्छ भन्ने प्रस्ट भएको छ । सामाजिक सञ्जालमा गाली पाउन थालेपछि केदारले वास्तविकता बाहिर ल्याएका हुन् । आइतबार (असार २२) काठमाडौंमा एक कार्यक्रममा उनले आफूलाई 'सिध्याउने' प्रयास भइरहेको बताए ।

सिनेमाको हाइप बढाउन अनावश्यक भ्रम फैलाउन निर्माता तथा निर्देशक केन्द्रित भएको उनले आरोप लगाए । धेरै पारिश्रमिक किन भनेको भन्दा हाइप बढाउन भनेर निर्माताले जवाफ दिएको उनले बताए ।

"ए भाइ, चुप लाग न ! मैले दुई/चारवटा फिल्म पहिल्यै बनाइसकेको छु, हाइप बढाउन हो भन्नुभयो," केदारले असन्तुष्टि पोखे, "जे भनेर भए पनि हाइप बढाउनुपर्छ है भनेर उहाँले बढाइबढाइ भन्नुभयो ।" निर्देशकले पनि सिनेमाको हाइप बढाउन प्रचारको समयमा विभिन्न तरिका अपनाउनुपर्ने बताएको केदारले सुनाए । केदारले ६१ लाख रुपैयाँ पारिश्रमिक नलिएको त बताए, तर कति लिए भन्ने प्रस्ट पारेका छैनन् । "म अभिनय गर्न चाहन्छु, अभिनय गर्न पाऊँ । म हिरो पनि होइन, स्टार पनि होइन," उनले भने । आफूलाई भ्रम फैलाउने माध्यम बनाएको भन्दै उनले असन्तुष्टि जनाएका हुन् । केदारको यो अभिव्यक्तिले नेपाली सिनेमा उद्योगमा कति धेरै भ्रमको खेती गरिन्छ भने उजागर भएको छ । उनले बोले र सत्य बाहिर आयो । यदि, सामाजिक सञ्जालमा गाली नपाएको भए उनी यसबारे केही बोल्थे ? उनले प्रस्ट नपारेको भए केदारको पारिश्रमिक ६१ लाख नै दर्ज हुन्थ्यो ।

"केदारजीले सुरुमा केही नबोल्नुभएकै हो । तर, जब उहाँका हरेक पोस्टमा गाली आउन थाल्यो, पारिश्रमिकलाई लिएर गाली आउन थालेपछि उहाँले यो कुरा बाहिर ल्याउनुभएको हो," 'माग्ने राजा' निर्माण टिमका एक सदस्यले भने, "यदि, गाली आएको थिएन भने उहाँ चुप लागेर बस्नुहुन्थ्यो । निर्माताले उहाँकै अगडि पब्लिक्ली उहाँका पारिश्रमिकको कुरा गर्दा केदारजी चुप बस्नुभएकै हो ।"

'माग्ने राजा'को पोस्टर सार्वजनिक कार्यक्रममा निर्माता मुनालले केदारलाई ५१ लाख पारिश्रमिक दिइसकेको बताएका थिए । १० लाख रुपैयाँ दिन बाँकी रहेको उनले सुनाएका थिए । केदारको हालको भनाइले भ्रम फैलाएका कारण निर्माण टिममा विवाद उत्पन्न भएको संकेत गरेको छ ।

यो एउटा उदाहरण मात्र हो । यस्ता भ्रामक प्रचार नेपाली चलचित्र उद्योगमा सामान्य भइसक्यो । कलाकारको पारिश्रमिकको रकम 'फेक', बक्सअफिस तथ्यांक 'फेक', हलको टिकट बुक छ, दर्शक छैन, त्यहीँ 'फेक' । चलचित्र राम्रो हुँदैन, तर प्रिमियरमा पुगेका कलाकार बलिउड र हलिउडस्तरको सिनेमा बनेको भन्ने गलत प्रतिक्रिया दिन्छन्, त्यो 'फेक' । हलमा दर्शकको खडेरी हुन्छ, तर मिडियामा प्रेस नोट आउँछ- देशभर सिनेमा हाउसफुल, अर्को 'फेक' प्रचार । चलचित्र उद्योग आत्मरतिमा रमाइरहेको कलाकार दीपकराज गिरी टिप्पणी गर्छन् । यस्ता भ्रामक सूचनाले अन्ततः चलचित्र उद्योग र सिनेकर्मीलाई नै घाटा पुग्ने उनको भनाइ छ ।

पारिश्रमिकको विषय बजारले निर्धारण गर्ने उनी बताउँछन् । यो त्यति धेरै आलोचनाको विषय नभएकामा उनी जोड दिन्छन् । तर, अरू धेरै विषय सच्याउनुपर्ने दीपक औंल्याउँछन् । निर्माता आफैँले टिकट काटेर हलमा ५१ र १०० दिन मनाएर भ्रम छर्ने कार्य पनि गरिने उनी प्रस्ट पार्छन् । चलचित्र उद्योग कृत्रिमतामा रमाइरहेको दीपक टिप्पणी गर्छन् । प्रिमियरमा चलचित्र देखाएर गलत प्रतिक्रिया लिने र दिने चलन मौलाएको उनी बताउँछन् । "म आजकाल प्रिमियरमा जाँदै जान्नँ, किनभने त्यहाँ जे हो त्यो बोल्यो भने मेकर रिसाउँछ," दीपकले केही समयअघि बाह्रखरीसँग भनेका थिए, "क्यामेराका अगाडि गज्जब राम्रो चलचित्र भनेर भन्ने कलाकार बोलिसकेर पार्किङमा झर्दै गर्दा आफैं फोन गरेर यस्तो झुर चलचित्र त मैले आजसम्म हेरेकै थिएन भन्छ ।" यो गलत संस्कार भएको उनी सुनाउँछन् ।

*-बाह्रखरी डटकम*

# 'मोहर'को 'झुम झुम झुम्किका' गीत सार्वजनिक



आगामी साउन २३ गतेबाट प्रदर्शनमा आउन लागेको चलचित्र 'मोहर'को दोस्रो गीत 'झुम झुम झुम्किका' सार्वजनिक गरिएको छ । सोमबार सार्वजनिक गीतमा एसडी योगी र विज्ञानी पराजुलीको स्वर, हर्क साउदको शब्द, एसडी योगीको संगीत छ ।

गीतको भिडियोमा फिल्मका मुख्य कलाकार पल शाह र बेनिशा हमाललाई फिचरिङ गरिएको छ । गीतको भिडियोमा यी दुई कलाकार छमछमी नाचेका छन् । यसअघि सार्वजनिक फिल्मको शीर्ष गीतमा पल शाह र नीति शाहको जोडीलाई देखाइएको थियो । फिल्म मेकर्स प्रा.लिको ब्यानरमा निर्माण भएको फिल्मका निर्माता चुम्बन जंग शाही हुन् । फिल्ममा अर्जुन जंग शाही, रवीन्द्र झा, लक्ष्मी गिरीको पनि मुख्य भूमिका छ । फिल्ममा कुमार महर्जनको एक्सन, दिपेन बस्न्यातको छायाङ्कन, सुरेश अधिकारी, एसडी योगी र थानेश्वर गौतमको संगीत छ । देउकी प्रथाको कथामा तयार भएको यो फिल्मको सार्वजनिक गीतमा कविराज गहतराजको कोरियोग्राफी छ ।

*-रातोपाटी डटकम*

# सत्तरी वर्ष पुरानो माटे सिँचाइ पोखरी पक्की



**वालिङ (स्याङ्जा),** असार २४/यहाँको वालिङ नगरपालिका-१३ कटौंजेमा रहेको पुरानो सिँचाइ पोखरी पक्की बनाइएको छ । २०१० सालमा स्थानीयले पानी सङ्कलन गरी सिँचाइ गर्ने उद्देश्यले निर्माण गरिएको पोखरी पक्की बनाइएको हो ।

गण्डकी प्रदेश सरकारले सिँचाइ प्रयोजनार्थ सो पोखरीलाई आधुनिक तवरले निर्माण गरी पानी सङ्कलन गर्न २० लाख बजेट विनियोजन गरेको जलस्रोत तथा सिँचाइ डिभिजन कार्यालयका प्राविधिक शिवराज थापाले जानकारी दिए । "वर्षौंदेखिको पुरानो माटे पोखरीमा पानी सङ्कलन गरेर खेतीपातीमा कृषकले प्रयोग गर्दै आउनुभएको रहेछ," उनले भने, "माटे पोखरीमा पानी सङ्कलन गर्दा नअडिने, चुहिएर समस्याबाट सास्ती खेपेका कृषकलाई पोखरी पक्की बनेपछि सहज हुने छ ।" पोखरी १६ मिटर लम्बाइ, आठ मिटर चौडाइ र डेढ मिटर उचाइको छ । पोखरीमा दुई लाख २५ हजार लिटर पानी सङ्कलन गर्न सकिन्छ । कृषकलाई पानी आवश्यक हुँदा खोल्नका लागि 'गेटबल' र दुईवटा शाखा कुलो निर्माण गरिएको छ । पोखरीसँगै खेतमा पानी पुर्‍याउन ६० मिटर कुलो पक्की बनाइएको छ । कटौंजे सिँचाइ तथा पोखरी व्यवस्थापन उपभोक्ता समितिमार्फत बाउबाजेले निर्माण गरेको पुरानो माटे पोखरीलाई पक्की बनाइ व्यवस्थित गरिएको उपभोक्ता समितिका अध्यक्ष बालप्रसाद डुम्रेले बताउनुभयो । उनले भने, "अब पोखरीमा सङ्कलन गरिएको पानी चुहिएर खेर जाने समस्या हुँदैन, खेतीपातीमा पानी लगाउन सहज हुने छ ।" एक हजार १५० मिटर टाढाको ठूलो खोलामा बाँध बाँधेर पाइपमार्फत पोखरीमा पानी ल्याइएको छ ।

लाबाट पोखरीसम्म पानी ल्याउन वालिङ नगरपालिकाले पटक पटक गरी ११ लाख सहयोग गरेको उपभोक्ता समितिका अध्यक्ष डुम्रेले बताए । पोखरीमा सङ्कलित पानीले ३५० रोपनी क्षेत्रफलमा सिँचाइ गर्न सकिने भएको हो । वर्षौंदेखि सिंचाइ अभावमा खेतीपाती गर्दै आएका कृषक सिँचाइ पोखरी निर्माण भएसँगै हर्षित बनेका छन् । *-रासस*

# सुनचाँदी व्यवसायीको उपभोक्ता सचेतना सम्बन्धी छलफल



**पाल्पा,** असार २४/सरकारले सुनचाँदी गहनामा लगाएको अनावश्यक विलासिता करको व्यवस्थाले व्यवसाय थप संकटमा परेको भन्दै आन्दोलनमा रहेका पाल्पाका सुनचाँदी व्यवसायीहरुले उपभोक्ता सचेतना सम्बन्धी छलफल चलाएका छन् । आफुहरुको आन्दोलनका कारण उपभोक्ताहरुलाई पर्न गएको मार प्रति सचेतन गराउने उद्देश्यले उनीहरुले छलफल तथा अन्तर्क्रिया कार्यक्रम गरेका हुन् ।

पाल्पा सुनचाँदी व्यवसायी संघको आयोजनामा मंगलबार तानसेनमा राष्ट्रिय उपभोक्ता मञ्च नेपाल पाल्पा, उपभोक्तामञ्च नेपाल पाल्पा, पाल्पा उद्योग वाणिज्य संघ र पाल्पा व्यापार संघसँग छलफल तथा अन्तर्क्रिया कार्यक्रम भएको हो । सरकारले बजेटमार्फत ल्याएको अव्यवहारिक कर नीतिको विरोधमा नेपाल सुनचाँदी व्यवसायी महासंघ, नेपाल सुनचाँदी रत्न तथा आभुषण महासंघको संयुक्त आवह्वानमा घोषणा गरिएको अनिश्चितकालिन सुनचाँदी पसल बन्दले उपभोक्तामा परेको समस्यालाई मध्यनजर गर्दै आफुहरुले आन्दोलन गर्नु परेको विषयमा संघले उपभोक्तालाई जानकारी गराएको छ । संघले पसल नै बन्द गरेर आन्दोलनमा उत्रिनु रहर नभई बाध्यता भएको स्पष्ट पारेको छ । छलफलमा उपभोक्ता मञ्च नेपालका केन्द्रीय सदस्य तथा कार्यक्रमका प्रमुख अतिथि माधव नेपालले व्यवसायीहरुको आन्दोलनप्रति आफुहरुको पूर्ण समर्थन रहेको बताए । उनले आन्दोलन गर्दा उपभोक्ताको हितलाई मध्यनजर गर्न संघलाई सुझाव दिए । नेपालले सुनचाँदीको गुणस्तरमा ध्यान दिन पनि संघलाई आग्रह गरे । कार्यक्रममा पाल्पा उद्योग वाणिज्य संघका अध्यक्ष शैलेन्द्र भट्टराई, पाल्पा व्यापार संघका अध्यक्ष विष्णु कार्की, राष्ट्रिय उपभोक्ता मञ्च पाल्पाका अध्यक्ष टंक न्यौपाने लगायतले सुनचाँदी व्यवसायीहरुको आन्दोलन जाहेज भए पनि उपभोक्ताहरुलाई मार पर्ने गरी नगर्न सुझाव दिए । संघका उपाध्यक्ष तथा आन्दोलन परिचालन समितिका संयोजक अशोक कुमार विश्वकर्माले कार्यक्रम माथि प्रकाश पारेका थिए । संघका अध्यक्ष प्रेमलाल पौडेलको अध्यक्षता, वरिष्ठ उपाध्यक्ष दिनेश कुमार समरघातीको स्वागत, महासचिव प्रविन राज शाक्यको सञ्चालनमा कार्यक्रम भएको थियो । व्यवसायीहरुले विगत दुई हप्तादेखि पसल नै बन्द गरेर आन्दोलनमा उत्रिएका छन् । उनीहरुले सोमबार जिल्ला प्रशासन कार्यालय र करदातासेवा कार्यालयमा एक घण्टे धर्ना समेत दिएका छन् । सरकारले सुनमा लगाएको दुई प्रतिशत विलासिता कर र हिरामा लगाएको १३ प्रतिशत मूल्य अभिवृद्धि कर लगाएपछि व्यवसायिकहरु निरन्तर आन्दोलनमा छन् ।

## रहेनन् पूर्व मन्त्री...

...उनले भने "रेग्मी लामो समयदेखि काठमाडौंको पुरानो बानेश्वरमा बस्दै आएका थिए, त्यति बेलादेखि नै उहाँ साइबाबामा लाग्नुभएको हो । राजनीतिबाट निष्क्रिय हुँदै गएपछि आध्यात्मिक चिन्तनमा लाग्नु भएको हो ।" काँग्रेस पाल्पाद्वारा दु:ख व्यक्त नेपाली काँग्रेस पाल्पाले काँग्रेसका पूर्व सह-महामन्त्री समेत रहेका रेग्मीको निधनप्रति दु:ख व्यक्त गरेको छ । काँग्रेस जिल्ला सभापति हिमालदत्त श्रेष्ठले मंगलबार शोक विज्ञप्तिमार्फत उनको निधनप्रति दु:ख व्यक्त गर्दै मृतकको आत्माको चीरशान्तिको कामना र शोक सन्तप्त परिवारजनमा समवेदना प्रकट गरेका छन् । स्व. रेग्मीले कांग्रेसको सङ्गठन निर्माण र नेपालको लोकतान्त्रिक आन्दोलनमा निर्वाह गरेको योगदान पार्टीमा सदा स्मरणीय रहिरहने पार्टीले जनाएको छ । "नेपालको प्रजातान्त्रिक आन्दोलनका जीवित साक्षीको अवसान अवश्य पनि अपूरणीय क्षति हो । दु:खको यस घडीमा स्वर्गीय अच्युतराज रेग्मीप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोकसन्तप्त परिवारजनमा हार्दिक समवेदना प्रकट गर्दछौं" शोक विज्ञप्तिमा भनिएको छ ।

रेग्मी पछिल्लो समय अस्वस्थ थिए । उनले विए र शास्त्रीसम्मको अध्ययन गरेका छन् । रेग्मीका तीन छोरी, एक छोरा र श्रीमति रहेका छन् ।

खेलकुद समाचार

## तेहोरो सतक बने वियान मुल्डर



**काठमाडौँ,** असार २४/वियान मुल्डर दक्षिण अफ्रिकाका लागि टेस्ट क्रिकेटमा तेहोरो शतक बनाउने दोस्रो खेलाडी बनेका छन् । घरेलु टोली जिम्बावेसँगको दोस्रो तथा अन्तिम टेस्ट क्रिकेटको पहिलो पारीमा २७ वर्षीय मुल्डरले यो उपलब्धि हासिल गरेका हुन् । यसअघि सन् २०१२ मा इङ्गल्यान्डसँगको खेलमा हाशिम आमलाले नटआउट ३ सय ११ रन बनाएका थिए । मुल्डर दक्षिण अफ्रिकाका लागि सर्वाधिक रन बनाउने खेलाडी पनि बनेका छन् । मुल्डर ३ सय ३४ बलमा ३ सय ६७ रनमा नटआउट रहे । यस्तै उनी सबैभन्दा कम बलमा तेहोरो शतक बनाउने दोस्रो खेलाडी बनेका छन् । उनले २ सय ९७ बलमा तेहोरो शतक बनाएका हुन् । सबैभन्दा कम बलमा तेहोरो शतक बनाउने भारतका वीरेन्द्र सहवाग हुन् । सहवागले सन् २००८ मा दक्षिण अफ्रिकासँगको खेलमा २ सय ७८ बलमै तेहोरो शतक बनाएका थिए । दक्षिण अफ्रिकी अलराउन्डर मुल्डर घरबाहिर सबैभन्दा धेरै रन बनाउने खेलाडी पनि बनेका छन् । उनले सन् १९५८ मा वेस्ट इन्डिजसँगको खेलमा पाकिस्तानका हनिफ मोहम्मदले बनाएको ३ सय ३७ रनको कीर्तिमान तोडे । वियान मुल्डर टेस्ट क्रिकेटको एक पारीमा सबैभन्दा धेरै रन बनाउने खेलाडीको पाँचौं स्थानमा छन् । वेस्ट इन्डिजका ब्रायन लारा नटआउट ४ सय रनसहित शीर्ष स्थानमा छन् । सन् २००४ मा इङ्गल्यान्डसँगको खेलमा लारा यो ऐतिहासिक सफलता हात पारेका थिए । टेस्ट क्रिकेटको एक पारीमा ४ सय रन बनाउने उनीमात्र एक्लो खेलाडी हुन् ।

वर्गिकृत डिस्प्ले

१X५ साइजमा मात्र

वर्गिकृत डिस्प्लेमा विज्ञापन दिनुहोस् व्यवसाय बढाउनुहोस् ।

सम्पर्क: ०७५-५२०६०१

अर्थ/कर्पोरेट समाचार

## नेप्से सामान्य अङ्कले घट्यो



**पाल्पा,** असार २४/नेपाल स्टक एक्सचेञ्ज (नेप्से) परिसूचक सामान्य अङ्कले घटेको छ । मंगलबार नेप्से परिसूचक शून्य दशमलव १४ अङ्कले घटेर दुई हजार ६८३ दशमलव ८६ को विन्दुमा कायम भएको हो ।

३०४ कम्पनीको एक करोड ५० लाख २७ हजार ३७२ कित्ता शेयर ५६ हजार २७६ पटक खरिदबिक्री हुँदा रु छ अर्ब ५७ करोड ४१ लाख ६६ हजार ८१४ बराबरको कारोबार भएको छ । विकास बैङ्क समूह शून्य दशमलव ४१, वित्त एक दशमलव २५, जलविद्युत् शून्य दशमलव ५९, लगानी शून्य दशमलव ०८, उत्पादन तथा प्रशोधन शून्य दशमलव ३७, लघुवित्त शून्य दशमलव ०७ र व्यापार शून्य दशमलव ३८ प्रतिशतले बढेको छभने अरू सबै समूहको उपसूचक घटेको छ । बैङ्किङ शून्य दशमलव ३७, होटल तथा पर्यटन शून्य दशमलव ०१, म्युचुअल फन्ड शून्य दशमलव ०९, निर्जीवन बिमा शून्य दशमलव ३७ र अन्य समूह शून्य दशमलव ७७ प्रतिशतले घटेको छ ।

बुटवल पावर कम्पनी लिमिटेडको शेयर मूल्य आज सबैभन्दा धेरै आठ दशमलव २१ प्रतिशतले बढेको छ । सबैभन्दा धेरै घट्नेमा रसुवागढी हाइड्रोपावर कम्पनी लिमिटेडको शेयर मूल्य पाँच दशमलव ०८ प्रतिशतले घटेको छ ।

मनको आवाज............

'नाम पनि यूनिक, काम पनि यूनिक'

यूनिक एफ.एम. ९४.२ मेगाहर्ज

विज्ञापनको लागि सम्पर्क :
यूनिक शोसियल कम्यूनिकेशन
प्रा.लि.
तानसेन, पाल्पा
०७५-५२१४६४, ५२१४६६
E-mail
news.uniquefm@gmail.com
www.uniquefm942.com

हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।




कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:कैलाशनगर-५,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्धक : इन्द्रा भट्टराई, सम्पादक: रामचन्द्र रायमाझी, प्रधान सम्पादक: जगदीशप्रसाद भट्टराई